सुन्दर भुमी नेपालको लुम्बिनी प्रदेश, रोल्पा जिल्ला, रोल्पा नगरपालिकामा पिता कर्मे परियार र माता दिलशरा परियारको माहिली सुपुत्रीको रुपमा मिति २०४६ साल भदौ ७ गते तद अनुसार इ.स.१९८९ साल अगष्ट २३ तारिखका दिन शान्तीश्री परियारको जन्म भएको हो। ४ दाजुभाई र ३ दिदीबहीनी अनि आमा बाबा गरेर ९ जनाको ठूलो पारिवारिक माहोल सहितको मध्यमस्तरीय परिवारमा जन्मिएकी शान्तिश्रीको बाल्यकाल रोल्पा नगरपालिकाको ह्वामा र लिवाङ्गमा बित्यो । तत्कालिन नेपालमा जनयूद्धको समय, पारिवारीक अवस्था र विभिन्न परिस्थितीसँग लड्दै भिडदै प्राथमिक कक्षा पूरा गरी माध्यामिक शिक्षाको सूरुवात गर्नुभएकी शान्तीश्रीमा प्राथमिक कक्षाहरुमा नै गीत गायनमा रुची रहेको थियो । बाल दिवसको अवसरमा कक्षा ४मा अध्ययन गर्दा गाएको गीतबाट शान्तीश्री प्रथम भएपश्चात आफनै शिक्षक शिक्षीकाहरुको स्याबासी र बाबुआमाको प्रोत्साहनबाट हौसियर गीत संगीतको क्षेत्रमा रुची बढेको बताउनुहुन्छ ।

सफल गायीका बन्ने ठूलो उदेस्य बोकेर दुर्गम रोल्पाबाट १६ बर्षको कलिलो उमेरमा एक्लै काठमाण्डौ प्रबेश गर्नुभएकी शान्तिश्रीको सुरुवातको संघर्ष दोहोरी साँझबाट भएको हो। सफल गायीका बन्नको लागि विभिन्न उतारचढाव, पारिवारीक जिम्मेवारीहरु संग जुद्धै उर्जाकालिन समयको सिङ्गो ९बर्ष काठमाण्डौको विभिन्न दोहोरी साँझहरुको मन्चमा आफनो गायनकला प्रश्तुत गर्नुभएकी शान्तीश्रीले  औपचारिक संगीत शिक्षा गान्धर्व कला केन्द्रका आदरणीय गुरु चन्दन श्रेष्ठबाट  लिनुभएको हो । चौथो वर्षसम्मको गायनकलाको शिक्षा प्राप्त गर्नुभएकी शान्तीश्रीले रेडीयो नेपालबाट वि.स.२०६५मै भ्वइस टेष्ट पास गर्नुभएको हो ।

दोहोरी साँझमै आफ्नो कला प्रश्तुत गर्दै गर्दा विभिन्न लोक तथा दोहोरी प्रतियोगीताहरुमा भाग लिने क्रममा प्रथम, द्वितीय, तृतीय स्थान तथा सर्वोत्कृष्ट गायीकाको उपाधि हात पर्दा आफूलाई व्यावसायिक गायीकाको रुपमा स्थापित हुन हौसला मिलेकोले इ.सं २०११ मा पहिलो एल्बमको रुपमा संगीतकार तथा श्रजक दिवान किनारको लय तथा शब्दमा घर छ तिनतले बोलको आफ्नै एकल आवाजमा रहेको गीत सार्वजनिक गर्नुभयो ।

कर्णप्रिय र आकर्षक आवाजकी धनी तथा व्यक्तिगत रुपमा आफूमा इमान्दार र अनुशाषित गायीका शान्तीश्रीले इ.स. २०१३ मा बजारमा प्रश्तुत गरेको एक तर्फी मायामा कति पिडा हुन्छ, भन्ने दोश्रो व्यावसायिक प्रश्तुतीले शान्तीश्रीको व्यावसायिक गायनकलाको बजार विस्तार गरिदियो । उक्त गीतमा शव्द तथा लय शिब हमाल र आवाजमा कुलेन्द्र बि.क.ले साथ दिनुभएको थियो । आदरणीय अग्रज गायक मिलन लामाको शव्द संगीतमा तयार भएको

आफ्नै लगानीमा गायक मिलन लामाको शव्द संगीतमा तयार पारिएको तेश्रो गीत माच्छिलाइ फुर्लङ्ग बजारमा आएपश्चात पहिलो बैदेशिक सांगीतिक प्रश्तुतीको लागि ओमन र हङ्गकङ्गको भ्रमण गर्नुभएकी शान्तिश्रीको व्यावसायीक गायन र विभिन्न मेला महोत्सवको मन्चमा गायन प्रश्तुती चलिरहेकै थियो ।

इ.सं. २०१८ मा प्रकाश सपुतको शव्द र संगीतमा गाइएको बोल मायाले तत्कालिन समयमा सांगीतिक बजारमा तहल्का नै मचायो, शान्तीश्रीको गायन कलामा निखारिएको प्रश्तुती र गीतको शाब्दीक भावलाई न्याय दिएर गाउन सक्ने कलाको लागि यहि गीत मार्फत बर्षको उत्कृष्ट कान्तिपुर राष्ट्रिय संगीत पुरस्कार, इमेज राष्ट्रिय संगीत पुरस्कार, कालिका संगीत पुरस्कार जस्ता सम्मान बाट सम्मानित हुनुभयो ।

साहित्य र कलाको संरक्षण र सम्बर्द्धनमा कार्य गरिरहेको नूरगंगा साहित्य प्रतिष्ठानद्वारा नवप्रतिभा लोक गायन सम्मान, छिन्नलता साहित्य संस्थानद्वारा छिन्नलता राष्ट्रिय गीत पुरस्कार, चन्द्रलोक प्रतिष्ठानद्वारा राष्ट्रिय नारी सम्मानसमेत प्राप्त गरिसक्नुभएकी शान्तीश्रीले अहिले सम्म देश भित्र र बाहिर गरि करिब ५०० भन्दा बढी सांगीतिक कार्यक्रममा आफ्नो प्रश्तुती दिइसक्नुभएको छ । गीत गायन प्रश्तुतीको लागि ओमन, हङ्गकङ्ग, बहराइन, बेलायत, जापान, कोरिया, कतार, दुबइ, इन्डिया, इजरायल, मलेशिया तथा अष्ट्रेलियाको भ्रमण गरिसक्नु भएको छ ।

सामाजिक संजालहरुमा पनि त्यतिकै लोकप्रिय रहनुभएकी शान्तीश्री परियारको आफनै यूट्युव च्यानल शान्तीश्री परियारको सब्सक्राइब करिव २३८०००, टीकटक फ्लोअर करिब ३५३०००, फेसबुक पेज फ्लोअर करिब ५६००००, छन।

गीत गायनमा मात्र नभएर गीत लेखनमा कलम र संगीत श्रृजनामा हारमोनियम चलाउन सक्ने शान्तीश्रीले करिव १००० भन्दा बढी संख्याको गीतहरुमा आवाज दिइसक्नु भएको छ । उहाँले गाएका सुपरहिट गीतको विवरण यस प्रकार छ ।

| HIT SONG LIST BY SHANTI SHREE PARIYAR | | | |
|---|---|---|---|
| **S.No.** | **Song Title** | **Youtube Views** | **Remarks** |
| 1 | Galbandi | 54 Million ++ | **Crore club songs** |
| 2 | Chauka Dau | 42 Million ++ | " " |
| 3 | Kura bujna parchha | 34 Million ++ | " " |
| 4 | Ghar kata ho bainiko | 30 Million ++ | " " |
| 5 | Tarabaji lailai | 30 Million ++ | " " |

| | | | |
|---|---|---|---|
| 6 | Bolamaya | 22 Million ++ | " " |
| 7 | Bandipuraima | 20 Million ++ | " " |
| 8 | Solti bajarma | 20 Million ++ | " " |
| 9 | Jaam bho maili | 17 Million ++ | " " |
| 10 | Kholi Tarideuna majhi dai | 13 Million ++ | " " |
| 11 | Kura katana | 11 Million ++ | " " |
| 12 | Mayalu Ajailai | 10 Million ++ | " " |
| 13 | Ghumi Ghumi | 10 Million ++ | " " |
| 14 | Chhutalai po raichha Kyare | 10 Million ++ | " " |
| 15 | Kauli ( Hari bansa Acharya) | 10 Million ++ | " " |
| 1 | Maya haseko | 9 Million ++ | **5 Million views Crossed songs** |
| 2 | Man Bhulcha | 9Million ++ | " " |
| 3 | Hataiko Paujale | 8 Million ++ | " " |
| 4 | Hasi Hasi bola mayale | 8 Million ++ | " " |
| 5 | Relimai | 8 Million ++ | " " |
| 6 | Bhir mauri Bhiraima | 8 Million ++ | " " |
| 7 | Ago bina bidi janldaina | 7 Million ++ | " " |
| 8 | Timro Nam mero Thar | 7 Million ++ | " " |
| 9 | shankalu | 6 Million ++ | " " |
| 10 | Madalu | 6 Million ++ | " " |
| 11 | Kahako Saino | 6 Million ++ | " " |
| 12 | Dhangadhiko basma | 6 Million ++ | " " |
| 13 | Buhari Sutkeri bhaichha | 5 Million ++ | " " |
| 14 | Saili | 5 Million ++ | " " |
| 15 | Banma Khayara | 5 Million ++ | " " |
| 16 | Jhalko Aaudainara | 5 Million ++ | " " |
| 17 | Chatta Rumal | 5 Million ++ | " " |
| 18 | Tarabaji lai lai | 5 Million ++ | " " |
| 19 | Sanubabu | 5 Million ++ | " " |
| 20 | Taare Bhir | 5 Million ++ | " " |